छ।

# नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ७३) काठमाडौं, असोज ४ गते, २०८० साल (संख्या २८

## भाग ३

### नेपाल सरकार

### गृह मन्त्रालयको

### सूचना

**नेपाल नागरिकता (तेस्रो संशोधन) नियमावली, २०८०**

नेपाल नागरिकता नियमावली, २०६३ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

नेपाल नागरिकता ऐन, २०६३ को दफा २३ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायका नियमहरु बनाएको छ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१. **संक्षिप्त नाम र प्रारम्भ**: (१) यी नियमहरुको नाम "नेपाल नागरिकता (तेस्रो संशोधन) नियमावली, २०८०" रहेको छ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ।

२. **नेपाल नागरिकता नियमावली, २०६३ को नियम ३ मा संशोधन**: नेपाल नागरिकता नियमावली, २०६३ (यस पछि "मूल नियमावली" भनिएको) को नियम ३ को,-

(१) उपनियम (२) को खण्ड (क) मा रहेको "प्रतिनिधिको" भन्ने शब्दको सट्टा "पदाधिकारी वा सदस्यको" भन्ने शब्दहरु राखिएका छन्।

(२) उपनियम (२) को खण्ड (ख) मा रहेका "सम्बन्धित वडामा बसोबास गर्ने तीन जना नेपाली नागरिकताको प्रमाणपत्र प्राप्त गर्ने नेपाली नागरिकले" भन्ने शब्दहरुको सट्टा "निवेदकलाई चिन्ने सोही वडामा बसोबास गर्ने कम्तीमा दुई जना नेपाली नागरिकताको प्रमाणपत्र प्राप्त गरेका व्यक्ति र सम्बन्धित स्थानीय तहको कम्तीमा एक जना पदाधिकारी वा सदस्यले" भन्ने शब्दहरु राखिएका छन्।

(३) उपनियम (३) को सट्टा देहायको उपनियम (३) राखिएको छः-

"(३) नेपालभित्र फेला परेको पितृत्व र मातृत्वको ठेगान नभएको नेपाली नागरिकताको प्रमाणपत्र लिन चाहने सोह्र वर्ष उमेर पूरा भएको व्यक्तिले ऐनको दफा ८ को उपदफा (१) को खण्ड (ग) बमोजिमका कागजात संलग्न राखी अनुसूची-१



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

बमोजिमको ढाँचामा सम्बन्धित प्रमुख जिल्ला अधिकारीसमक्ष निवेदन दिनु पर्नेछ।"

(४) उपनियम (३ख) पछि देहायको उपनियम (३ग) थपिएको छः-

"(३ग) ऐनको दफा ३ को उपदफा (६) बमोजिम वंशजको आधारमा नेपालको नागरिकता लिन चाहने सोह्र वर्ष उमेर पूरा भएको व्यक्तिले देहायका कागजात संलग्न राखी अनुसूची-१ बमोजिमको ढाँचामा सम्बन्धित प्रमुख जिल्ला अधिकारीसमक्ष निवेदन दिनु पर्नेछः-

(क) जन्मदर्ता प्रमाणपत्र,

(ख) आमाको नेपाली नागरिकताको प्रमाणपत्र वा आमा नेपाली नागरिक रहेको प्रमाण,

(ग) बाबुको नेपाली नागरिकताको प्रमाणपत्र,

(घ) जन्मस्थान र नाता खुल्ने गरी सम्बन्धित स्थानीय तहले गरिदिएको सिफारिस।

(५) उपनियम (४) मा रहेका "उपनियम (३), (३क) वा (३ख) बमोजिम प्राप्त निवेदनको "भन्ने शब्दहरुको सट्टा "उपनियम (३), (३क), (३ख) वा (३ग) बमोजिम प्राप्त निवेदनको" भन्ने शब्दहरु राखी "स्थानीय तहको सिफारिस वा" भन्ने शब्दहरु झिकिएका छन्।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(६) उपनियम (५) मा रहेका "उपनियम (१), (३), (३क) वा (३ख)" भन्ने शब्दहरुको सट्टा "उपनियम (१), (३), (३क), (३ख) वा (३ग)" भन्ने शब्दहरु राखिएका छन् ।

(७) उपनियम (८) पछि देहायको उपनियम (९) थपिएको छः-

"(९) ऐनको दफा ८ को उपदफा (३क) को प्रयोजनको लागि प्रमुख जिल्ला अधिकारीले परिवारको सदस्यलाई कार्यालयमा झिकाई सनाखत गर्न लगाउनेछ ।"

३. **<u>मूल नियमावलीको नियम ६ मा संशोधन</u>**ः मूल नियमावलीको नियम ६ मा रहेका "वा ४" भन्ने शब्दहरु झिकिएका छन्।

४. **<u>मूल नियमावलीको नियम ७ मा संशोधन</u>**ः मूल नियमावलीको नियम ७ को उपनियम (१) को,-

(१) खण्ड (ख) मा रहेका "जन्म भई" भन्ने शब्दहरु झिकिएका छन् ।

(२) खण्ड (ग) को सट्टा देहायको खण्ड (ग) राखिएको छः-

"(ग) बाबुको नागरिकताको आधारमा निजले विदेशी मुलुकको नागरिकता नलिएको भनी निजले अनुसूची-७क. बमोजिम गरेको स्वघोषणा।"

५. **<u>मूल नियमावलीको नियम ८ मा संशोधनः</u>** मूल नियमावलीको नियम ८ को,-



मुद्रण विभाग

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(१) उपनियम (१) मा रहेका "/ जन्मको आधारमा" भन्ने शब्दहरु झिकिएका छन् ।

(२) उपनियम (७) मा रहेका "वा जन्मको आधारमा" भन्ने शब्दहरु झिकिएका छन् ।

६. **<u>मूल नियमावलीमा नियम ८क. र ८ख. थप</u>**: मूल नियमावलीको नियम ८ पछि देहायका नियम ८क. र ८ख. थपिएका छन्:-

"८क. **<u>गैरआवासीय नेपाली नागरिकता प्राप्त गर्ने कार्यविधि</u>**: (१) ऐनको दफा ७क. को उपदफा (१) बमोजिम गैरआवासीय नेपाली नागरिकताको प्रमाणपत्र लिन चाहने व्यक्तिले देहायका कागजात संलग्न गरी अनुसूची-८ग. बमोजिमको ढाँचामा आफू वा आफ्नो बाबु, आमा, बाजे वा बज्यैमध्ये जसको नेपाली नागरिकताको प्रमाणपत्रको आधारमा गैरआवासीय नेपाली नागरिकताको प्रमाणपत्र लिने हो सो नागरिकताको प्रमाणपत्र जारी भएको जिल्लाको प्रमुख जिल्ला अधिकारीसमक्ष वा आफू नागरिक रहेको मुलुकस्थित वा त्यस्तो मुलुक समेत हेर्ने कार्यक्षेत्र तोकिएको नेपाली राजदूतावास वा महावाणिज्य दूतावासमा निवेदन दिन सक्नेछः-

(क) ऐनको दफा ७क. को उपदफा (२) बमोजिमका कागजात,

(ख) हाल नागरिक रहेको मुलुकबाट लिएको राहदानीको प्रतिलिपि,

(ग) अनुसूची-८घ. बमोजिमको प्रतिबद्धतापत्र ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) उपनियम (१) बमोजिम नेपाली राजदूतावास वा महावाणिज्य दूतावासमा निवेदन प्राप्त भएमा सम्बन्धित दूतावासमा कार्यरत कम्तीमा अधिकृतस्तरको कर्मचारीले आवश्यक कुरा बुझी निवेदन प्राप्त भएको पन्ध्र दिनभित्र अनिवार्य रुपमा राय सहित परराष्ट्र मन्त्रालय मार्फत सम्बन्धित जिल्ला प्रशासन कार्यालयमा पठाउनु पर्नेछ।

(३) उपनियम (१) वा (२) बमोजिम प्राप्त निवेदनमा निवेदकको नाताभित्रको नेपाली नागरिकले र त्यस्तो नाताको व्यक्ति नभएमा सम्बन्धित व्यक्तिलाई चिन्ने नेपाली नागरिकले सम्बन्धित प्रमुख जिल्ला अधिकारी वा निजले तोकेको अधिकृत कर्मचारीसमक्ष उपस्थित भई सनाखत गरिदिनु पर्नेछ।

(४) उपनियम (१) वा (२) बमोजिम प्राप्त निवेदनका सम्बन्धमा प्रमुख जिल्ला अधिकारीले छानबिन गरी त्यस्तो व्यक्ति गैरआवासीय नेपाली नागरिकता पाउन योग्य देखिएमा अनुसूची-८ङ. बमोजिमको ढाँचामा गैरआवासीय नेपाली नागरिकताको प्रमाणपत्र जारी गर्नेछ।

(५) उपनियम (४) बमोजिम छानबिन गर्दा प्रमुख जिल्ला अधिकारीले आवश्यकता अनुसार निवेदकको विदेशी मुलुकको नागरिकता वा राहदानीको वैधताको विषयमा निज नागरिक रहेको मुलुकस्थित वा त्यस्तो मुलुक समेत हेर्ने कार्यक्षेत्र तोकिएको नेपाली कूटनीतिक नियोगसँग समेत बुझ्न सक्नेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(६) उपनियम (५) बमोजिमको निवेदकको नागरिकता वा राहदानीको वैधताको विषयमा बुझ्न पठाएकोमा सम्बन्धित नेपाली कूटनीतिक नियोगले पन्ध्र दिनभित्र त्यस्तो नागरिकता वा राहदानीको वैधताको विषयमा बुझी जानकारी गराउनु पर्नेछ।

(७) उपनियम (४) बमोजिम गैरआवासीय नेपाली नागरिकताको प्रमाणपत्र प्रदान गर्नुअघि प्रमुख जिल्ला अधिकारीले गैरआवासीय नेपाली नागरिकताको प्रमाणपत्र पाउने व्यक्तिलाई अनुसूची-८च. बमोजिम शपथ गराउनु पर्नेछ।

(८) यस नियमावली बमोजिम गैरआवासीय नेपाली नागरिकताको प्रमाणपत्र पाउन विद्युतीय माध्यमबाट समेत निवेदन दिन सक्ने व्यवस्थाको लागि मन्त्रालयले आवश्यक प्रविधिको विकास गरी त्यस्तो निवेदन विद्युतीय माध्यमबाट समेत दिन सक्ने प्रबन्ध मिलाउन सक्नेछ ।

"८ख. **लैङ्गिक पहिचान खुलाउनेः** ऐन तथा यस नियमावली बमोजिम जारी गरिने नेपाली नागरिकताको प्रमाणपत्र वा गैरआवासीय नेपाली नागरिकताको प्रमाणपत्रमा महिला, पुरुष वा अन्य मध्ये कुनै एक लैङ्गिक पहिचान खुलाउनु पर्नेछ।"

७. **मूल नियमावलीको नियम ११ मा संशोधन**: मूल नियमावलीको नियम ११ को उपनियम (२) मा रहेका "साविककै नागरिकताको विवरणसहितको" भन्ने शब्दहरु पछि "पुनः



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

नेपाली नागरिकता कायम गरेको व्यहोरा उल्लेख गरी" भन्ने शब्दहरु थपिएका छन् ।

८. **<u>मूल नियमावलीको अनुसूचीमा संशोधन:</u>** मूल नियमावलीको,-

(१) अनुसूची-१ मा रहेका ", नियम ४ को उपनियम (१)" भन्ने शब्दहरु झिकी सोही अनुसूचीको,-

(क) निवेदन व्यहोरामा रहेका "/ जन्मका आधारले" भन्ने शब्दहरु झिकिएका छन्।

(ख) गाउँपालिका/नगरपालिका/उपमहानगरपालिका/महानगरपालिकाको सिफारिसको व्यहोरामा रहेका "वंशज/जन्मका आधारले" भन्ने शब्दहरुको सट्टा "वंशजको नाताले" भन्ने शब्दहरु राखिएका छन् ।

(ग) गाउँपालिका/ नगरपालिका/ उपमहानगरपालिका /महानगरपालिकाबाट सरजमिन र सनाखतका लागि प्रेषितको व्यहोरामा रहेका "वंशजको नाता/ जन्मको आधारमा" भन्ने शब्दहरुको सट्टा "वंशजको नाताले दिइने" भन्ने शब्दहरु राखिएका छन् ।

(घ) कार्यालयले भर्ने व्यहोरामा रहेका "/ जन्मको आधारले" भन्ने शब्दहरु झिकिएका छन् ।

(ङ) निर्णय व्यहोरामा रहेका "/जन्मको आधारले" भन्ने शब्दहरु झिकिएका छन् ।

(२) अनुसूची- २ मा रहेका,-



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(क) " Government of Nepal has issued the citizenship Certificate with following details:" भन्ने शब्दहरुको सट्टा " This Citizenship Certificate by descent with the following details has been issued in accordance with the Nepal Citizenship Act, 2006." भन्ने शब्दहरु राखिएका छन् ।

(ख) "नेपाल नागरिकता ऐन, २०६३ बमोजिम" भन्ने शब्दहरु पछि "वंशजको नाताले" भन्ने शब्दहरु थपिएका छन् ।

(ग) "नागरिकताको किसिमः" भन्ने शब्दहरु झिकिएका छन् ।

(३) अनुसूची-३ मा रहेका "अध्यक्ष/ प्रमुख वा प्रतिनिधि" भन्ने शब्दहरुको सट्टा "पदाधिकारी/सदस्य" भन्ने शब्दहरु राखिएका छन् ।

(४) अनुसूची-४ को सट्टा संलग्न बमोजिमको अनुसूची-४ राखिएको छ।

(५) अनुसूची-५ र अनुसूची-६ झिकिएका छन् ।

(६) अनुसूची-७ को क्रमसङ्ख्या २ को खण्ड (क) को उपखण्ड (२) मा रहेका "लिए नलिएको निस्सा" भन्ने शब्दहरूको सट्टा "नलिएको स्वघोषणा" भन्ने शब्दहरू राखिएका छन् ।

(७) अनुसूची-७ पछि संलग्न अनुसूची-७क. थपिएको छ ।

(८) अनुसूची- ८ को,-



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(क) खण्ड (क) मा रहेका “Government of Nepal has issued the citizenship Certificate with following details:” भन्ने शब्दहरुको सट्टा “This Citizenship Certificate by naturalization with the following details has been issued in accordance with the Nepal Citizenship Act, 2006.” भन्ने शब्दहरु राखिएका छन्।

(ख) खण्ड (ख) मा रहेको “/पत्नी” भन्ने शब्द झिकी सोही खण्डमा रहेका “Government of Nepal has issued the Citizenship Certificate with following details:” भन्ने शब्दहरुको सट्टा “This Citizenship Certificate by matrimonial naturalization with the following details has been issued in accordance with the Nepal Citizenship Act, 2006.” भन्ने शब्दहरु राखिएका छन्।

(९) अनुसूची ८ख. पछि अनुसूची-८ग., अनुसूची-८घ., अनुसूची-८ङ. र अनुसूची-८च. थपिएका छन् ।

(१०) अनुसूची-१२ मा रहेको “अञ्चल” भन्ने शब्द झिकिएको छ।

(११) अनुसूचीहरुको ठाउँ ठाउँमा रहेका “VDC” को सट्टा “Rural Municipality” भन्ने शब्दहरु र "रु. ५।- को टिकट टाँसी" भन्ने शब्दहरुको सट्टा "रु. १०।- को टिकट टाँसी" भन्ने शब्दहरु राखी रुपान्तर गरिएको छ ।

९. **<u>खारेजी:</u>** मूल नियमावलीको नियम ४ खारेज गरिएको छ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

"अनुसूची–४
(नियम ३ को उपनियम (२) को खण्ड (ख) सँग सम्बन्धित)
<u>सनाखतको ढाँचा</u>
(वंशजको नाताले)

<u>कार्यालय प्रयोजनको लागि</u>

.....................जिल्ला....................गाउँपालिका/ नगरपालिका/ उपमहानगरपालिका/ महानगरपालिका, वडा नं...........मा स्थायी बसोबास भएका श्रीमान्/श्रीमती.................................का छोरा/छोरी/श्रीमती.................................. वास्तविक नेपाली नागरिक हुन् । निज निवेदक वंशजका सन्तति हुन् । निजलाई वंशजको नाताले नेपाली नागरिकताको प्रमाणपत्र दिएमा फरक पर्ने छैन । उक्त विवरण फरक परेमा प्रचलित कानून बमोजिम हुने सजाय सहुँला, बुझाउँला भनी सरजमिन स्थल....................मा उपस्थित भई आफ्नो राजीखुसीले जिल्ला प्रशासन कार्यालय,......................... समक्ष हामी देहायका नेपाली नागरिकहरूले सही सनाखत गरिदियौं ।
नेपाली नागरिकता प्राप्त व्यक्तिहरु

| सि.नं. | नाम, थर | वतन | ना.प्र.नं./ जारी मिति | लेखात्मक र रेखात्मक सहिछाप |
|---|---|---|---|---|
| १. | | | | |
| २. | | | | |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

गाउँपालिका/नगरपालिका/उपमहानगरपालिका/महानगरपालिकाको पदाधिकारी/सदस्य

| नाम, थर | वतन | ना.प्र.नं./ जारी मिति | पद | लेखात्मक र रेखात्मक सहिछाप |
|---|---|---|---|---|
| | | | | |

**<u>सनाखत गराउने कर्मचारीको</u>**

नामः-

पदः-

दस्तखतः-

मितिः-

**<u>प्रमाणित गर्ने</u>**

नामः-

पदः-

दस्तखतः-

मितिः-



मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अनुसूची – ७क.

(नियम ७ को उपनियम (१) को खण्ड (ग) सँग सम्बन्धित)

स्वघोषणा

...... प्रदेश ...... जिल्ला.... गाउँपालिका/नगरपालिका/ उपमहानगरपालिका/महानगरपालिका...... वडा नं ... बस्ने म ........ .... देश ...... स्थानमा बस्ने विदेशी नागरिक बुबा ...... र .... प्रदेश ...... जिल्ला.... गाउँपालिका/नगरपालिका/ उपमहानगरपालिका/ महानगरपालिका....... वडा नं. ... बस्ने नेपाली नागरिक आमा ........ को छोरा/छोरी भएकोले नेपाल नागरिकता ऐन, २०६३ को दफा ५ को उपदफा (३) को खण्ड (ग) बमोजिम बाबुको नागरिकताको आधारमा विदेशी मुलुकको नागरिकता प्राप्त नगरेको व्यहोरा घोषणा गर्दछु।

उपर्युक्त व्यहोरा ठीक साँचो हो । झुट्टा ठहरेमा कानून बमोजिम सहुँला, बुझाउँला ।

स्वघोषणा गर्ने व्यक्तिको आमाको,-

नाम, थरः

नागरिकता प्रमाणपत्र नं. ....... जारी जिल्ला ........... जारी मिति .........

विवाह दर्ता प्रमाणपत्र नं. .......

स्वघोषणा गर्ने व्यक्तिको बाबुको,-

नाम, थरः

Citizenship no …. Issue Country/Place …… Issue Date ……



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

निवेदकको,-

नाम, थर :- धर्म :- दस्तखत :-

औँठाको छाप

| दायाँ | बायाँ |
|---|---|
| | |

स्वघोषणा गराउने अधिकृतको,-

नाम, थर:

पद:

सहिछाप :

मिति:

मुद्रण विभाग, सिंहदरबार



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अनुसूची-८ग.

(नियम ८क. को उपनियम (१) सँग सम्बन्धित)

**गैरआवासीय नेपाली नागरिकताको प्रमाणपत्र पाउँ भन्ने निवेदन**

| दुवै कान देखिने पासपोर्ट साइजको फोटो |
|---|

श्री ...............................

................................... ।

विषयः- गैरआवासीय नेपाली नागरिकताको प्रमाणपत्र पाउँ।

महोदय,

मैले नेपाल नागरिकता ऐन, २०६३ को दफा ७क. बमोजिमको शर्त तथा अवस्था पूरा गरिसकेकोले नेपालको गैरआवासीय नेपाली नागरिकताको प्रमाणपत्र पाउनको लागि देहायको विवरण खोली सिफारिस साथ रु. १०/- को टिकट टाँसी यो निवेदनपत्र पेस गरेको छु।

(१) निवेदकको विवरण :-

(क) पूरा नाम, थर :-
Full Name (In Block) :-

(ख) लिङ्गः-
Sex :-

(ग) धर्मः-
Religion:-

(घ) जन्मस्थान :-
Place of Birth (In Block) :-

(ङ) जन्म मिति :- ...........साल ..........महिना ............ गते
Date of Birth (AD) :- .........Year......Month...........Day



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(च) बाबुको,-

(अ) नाम, थर :-

(आ) ठेगाना :-

(इ) राष्ट्रियता :-

(ई) नागरिकता नम्बर र नागरिकता जारी गर्ने जिल्ला (नेपाली नागरिक भएमा):-

(छ) आमाको,-

(अ) नाम, थर :-

(आ) ठेगाना :-

(इ) राष्ट्रियता :-

(ई) नागरिकता नम्बर र नागरिकता जारी गर्ने जिल्ला (नेपाली नागरिक भएमा):-

(ज) पति/पत्नीको,-

(अ) नाम, थर :-

(आ) ठेगाना :-

(इ) राष्ट्रियता :-

(ई) नागरिकता नम्बर र नागरिकता जारी गर्ने जिल्ला (नेपाली नागरिक भएमा):-

(२) आफ्नो/ बाबुको/ आमाको/ बाजेको/ बज्यैको नेपाली नागरिकताको प्रमाणपत्रको विवरणः

(क) नाम, थरः-

(ख) ठेगानाः-

(ग) नागरिकताको किसिमः-

(घ) नागरिकता नम्बर, नागरिकता जारी गर्ने जिल्ला र मितिः-



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(३) गैरआवासीय नेपाली परिचयपत्रको विवरणः

(क) नाम, थर :-

(ख) परिचयपत्र नं. :-

(ग) जारी मिति :-

(४) हाल साथमा रहेको परिवारको विवरण र सङ्ख्याः

(क) पति/पत्नी ☐ (ख) छोरा ☐ (ग) छोरी ☐

(घ) अन्य ☐

(५) विदेशी मुलुकको नागरिकताको प्रमाणपत्रको विवरणः

(क) नाम, थर :-

(ख) मुलुकको नाम :-

(ग) नागरिकता नं. :-

(घ) नागरिकताको प्रमाणपत्र लिएको मिति :-

उक्त नागरिकताको प्रतिलिपि यसैसाथ संलग्न छ।

(६) विदेशी मुलुकबाट लिएको राहदानीको विवरणः-

..........................................................

राहदानीको प्रतिलिपी यसै साथ संलग्न छ ।

(७) विदेशी मुलुकमा स्थायी बसोबास गरेको पूरा ठेगाना :-

..................................................................................

(८) मैले नैतिक पतन देखिने कुनै फौजदारी मुद्दामा सजाय पाएको छैन। मैले माथि लेखी दिएको व्यहोरा ठीक साँचो हो। झुट्टा ठहरे कानून बमोजिम सहुँला बुझाउँला।

भवदीय,

निवेदकको दस्तखतः-

निवेदकको नामः-

सम्पर्क नं.:-

मितिः- ....................

औंठाको छाप

| दायाँ | बायाँ |
|---|---|
| | |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

<u>गाउँपालिका/नगरपालिका/उपमहानगरपालिका/महानगरपालिकाको सिफारिस (जिल्ला प्रशासन कार्यालयमा दिने निवेदनको हकमा)</u>

निवेदक................../निवेदकका बाबु/आमा/बाजे/बज्यै.............. गाउँपालिका/ नगरपालिका/ उपमहानगरपालिका/महानगरपालिका......... वडा नं........ मा हाल स्थायी बसोबास गरेका/ साबिकमा स्थायी बसोवास गरेका नेपाली नागरिक भएको व्यहोरा अभिलेखबाट देखिएकोले निजलाई गैरआवासीय नेपाली नागरिकताको प्रमाणपत्र दिएमा फरक पर्ने छैन। उपर्युक्त लेखिए बमोजिमको निजको व्यहोरा मैले जाने बुझेसम्म साँचो हो। झुट्टा ठहरे कानून बमोजिम सहुँला बुझाउँला।

मिति :- सिफारिस गर्नेको,-

कार्यालयको नाम र छाप :- ...... दस्तखतः- .............

नाम, थर :- ................ पद :- ...................

<u>नेपाली राजदूतावास वा महावाणिज्य दूतावासको सिफारिस (नेपाली राजदूतावास वा महावाणिज्य दूतावासमा दिने निवेदनको हकमा)</u>

संलग्न कागजातबाट निवेदक................ ............ देशको .................. स्थानमा स्थायी बसोबास रहेका व्यक्ति भएको देखिन्छ। उपर्युक्त लेखिए बमोजिमको निजको व्यहोरा मैले जाने बुझेसम्म साँचो हो। झुट्टा ठहरे कानून बमोजिम सहुँला बुझाउँला।

मिति :- सिफारिस गर्नेको,-

नेपाली राजदूतावास/महावाणिज्य दूतावासको,- दस्तखतः- ........

नाम र ठेगानाः- .......................... नाम, थरः- ........

छापः पदः- ................



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

<u>सनाखत</u>

................र ..................... को नाति/नातिनी .......................र .................. को छोरा/छोरी ...................................... मेरो .......................... नाताका व्यक्ति हुन्। निजलाई म राम्ररी चिन्दछु। निज/निजको बाबु/आमा/बाजे/बज्यै .......................... पहिले/हाल नेपाली नागरिक रहेकोले निज निवेदक ....................................... गैरआवासीय नेपाली नागरिकताको प्रमाणपत्र पाउन योग्य भएको व्यहोराको सनाखत गर्दछु। व्यहोरा झुट्टा ठहरेमा कानून बमोजिम सहुँला बुझाउँला।

नामः .........................

नागरिकता नम्बरः ................

ठेगानाः ..................................

बाबुको नामः .........................

आमाको नामः ......................

दस्तखतः ...........................

मितिः ..............................

माथिको विवरण बमोजिम मेरो रोहवरमा सनाखत सहिछाप भएको ठीक साँचो हो। माथिको विवरण ठीक साँचो छ। झुट्टा ठहरे कानून बमोजिम सहुँला बुझाउँला।

निवेदकको,-

नामः ...................

दस्तखतः ..................

मितिः...................



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अनुसूची-८घ.

(नियम ८क. को उपनियम (१) को खण्ड (ग) सँग सम्बन्धित)

**प्रतिबद्धतापत्र**

म ..................................ले मिति ..................मा ........... देशको नागरिकताको प्रमाणपत्र लिई हाल ...........मा बसोबास गर्दै आएको छु । नेपालको संविधान तथा प्रचलित कानून प्रति पूर्ण रुपमा बफादार रहनेछु। मैले नेपालको संविधान र प्रचलित कानून बमोजिम गैरआवासीय नेपाली नागरिकलाई प्राप्त अधिकार बाहेक अन्य कुनै पनि अधिकार उपभोग गर्ने छैन भनी यो प्रतिबद्धता व्यक्त गर्दछु ।

औँठाको छाप

| दायाँ | बायाँ |
|---|---|
| | |

दस्तखतः-

नाम, थरः-

वतनः-

मितिः



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## अनुसूची -८ङ.

(नियम ८क. को उपनियम (४) सँग सम्बन्धित)

## गैरआवासीय नेपाली नागरिकताको प्रमाणपत्र

नेपाल सरकार

गृह मन्त्रालय

जिल्ला प्रशासन कार्यालय.......

गैरआवासीय नेपाली नागरिकताको प्रमाणपत्र

गै.आ.ने.ना.प्र.नं.

नाम, थरः लिङ्गः

जन्मस्थानः मुलुकः ठेगानाः

जन्म मिति : साल महिना गते

दुवै कान देखिने हालसालै खिचेको २.५ x ३ से.मी साइजको फोटो

विदेशी मुलुकको नागरिकता नं.:

जारी गर्ने मुलुक र मिति :

बाबुको नाम, थर :

ठेगाना : राष्ट्रियताः

आमाको नाम, थर :

ठेगाना : राष्ट्रियताः

आफ्नो/बाबु/आमा/बाजे/बज्यैको नेपाली नागरिकताको ना.प्र.नं.:

नामः

जारी भएको जिल्ला र मितिः

This Non-Residential Nepali Citizenship Certificate with the following details has been issued in accordance with the Nepal Citizenship Act, 2006.

NRN Citizenship Certificate No.

Full Name ( In Block ): Sex:

Date of Birth (AD) : Year Month Day

Place of Birth ( In Block ):

Address in Nepal ( In Block ): District

Rural Municipality/ Municipality /Sub/Metropolis: Ward No.

नेपाल नागरिकता ऐन, २०६३ बमोजिम गैरआवासीय नेपाली नागरिकताको प्रमाणपत्र दिइएको छ।

प्रमाणपत्र पाउनेको दस्तखत :

औंठाको छाप

| दायाँ | बायाँ |
|---|---|
| | |

प्रमाणपत्र दिने अधिकारीको,

दस्तखत :

नाम थर :

दर्जा :

मिति :

यो प्रमाणपत्र कसैले फेला पार्नु भएमा नजिकको जिल्ला प्रशासन कार्यालय वा प्रहरी कार्यालय वा नेपाली कूटनीतिक नियोगमा बुझाई दिनु होला।

मुद्रण विभाग, सिंहदरबार



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अनुसूची -८च.

(नियम ८क. को उपनियम (७) सँग सम्बन्धित)

शपथ

म ...................... ईश्वरको/देश र जनताको नाममा शपथ लिन्छु/सत्यनिष्ठापूर्वक प्रतिज्ञा गर्दछु कि नेपालको राजकीय सत्ता र सावभौमसत्ता नेपाली जनतामा निहित रहेको नेपालको संविधानप्रति पूर्ण रुपमा बफादार रही श्रद्धा एवम् सत्य निष्ठापूर्वक गैरआवासीय नेपाली नागरिकको रुपमा आफ्नो कर्तव्य पालना गर्नेछु ।

औँठाको छाप

| दायाँ | बायाँ |
|---|---|
| | |

दस्तखतः-

नाम, थरः-

नेपालको वतनः-

हालको वतनः-

मितिः

शपथ गराउने अधिकारीको,-

दस्तखतः-

नाम, थरः-

पदः-

कार्यालयको छापः"

**आज्ञाले,**

**दिनेश भट्टराई**

**नेपाल सरकारको सचिव ।**



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित । मूल्य रू.१५।-
गो.हु.द.नं. १६।२०६२।६३

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।